# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

प.सं.०७५/०७६

च.नं. ३०९२

केराबारी, मोरङ
१ नं. प्रदेश, नेपाल

मिति २०७६/१/२४

विषयः- सुचना सम्वन्धमा

श्री वडा नं १ देखी १० नं. सम्मका वडा कार्यलयहरु
केरावारी मोरङ

प्रस्तुत विषयमा कृषि विकास निर्देशनालय प्रदेश न १ नेपालवाट प्रकाशित सुचना अनुसार मिति २०७६/१/ १७ गते प्रकाशित सुचना अनुसार २०७६/२/६ गते सम्म समुह/ कृषि सहकारी /उद्यमीहरुलाइ तोकीएको ढाँचामा निवेदन फारम भरि कृषि विकास निर्देशनालय विराटनगर पहिलाको जिल्ला कृषि विकास कार्यलयमा आवश्याक कागजात सहित जानका लागी सुचना गरि दिनु हुनका लागी अनुरोध छ ।

पुण्य प्रसाद पौडेल
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

श्री सूचना प्रविधि अधिकृत
प्रभा जी
प्रत्येक वडामा
सूचना प्रकाशित गर्नुहोला
१।२४

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**कृषि विकास निर्देशनालय**
प्रदेश नं १, विराटनगर।

**कृषक समुह, कृषि सहकारी, निजी कृषि फर्म/उद्यमी तथा व्यक्तिगत कृषक (एक वा एक भन्दा बढी) उपभोक्ताहरुलाई कृषि यान्त्रिकरण अनुदानको लागि आवेदन पेश गर्ने २१ दिने सूचना!**

**(प्रथम पटक प्रकाशित मिति २०७६/०१/१७)**

यस निर्देशनालयको मिति २०७६/०१/११ को निर्णय अनुसार **"कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७५"** बमोजिम **यस निर्देशनालयको कार्यक्रम प्रयोजनका लागि मात्र** छनौट भएका आपूर्तिकर्ता र कृषि यन्त्र औजार उपकरणको नामावली तथा अनुदान रकम दफा १२ को उपदफा (१) बमोजिम कृषि ज्ञान केन्द्रहरुको सूचना पाटीमा प्रकाशन गरिएको हुँदा कार्यविधिको अनुसूची १ (ख) तथा (ग) मा उल्लेख भएका लाभग्राहीले सोमा उल्लेख आवश्यक सम्पूर्ण कागजात आफैले प्रमाणित गरी अनुसूची ४ अनुसारको निवेदन र प्रारम्भिक छनौटको फाराम भरी यो सूचना प्रकाशित गरेको मितिले २१ दिन अर्थात मिति २०७६/०२/०६ गते कार्यालय समयभित्र सम्बन्धित कृषि ज्ञान केन्द्रहरुमा निवेदन दर्ता गर्नुहुन साथै सम्बन्धित कृषि ज्ञान केन्द्रहरुले स्वीकृत कार्यविधिको दफा १२ उपदफा (२) अनुसार गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

यस सम्बन्धी थप जानकारीको लागि सम्बन्धित कृषि ज्ञान केन्द्र वा यस निर्देशनालयको फोन नं. ०२१-५२६५६८/ ०२१-५२१३५८ मा सम्पर्क गर्नु हुन तथा उल्लेखित स्वीकृत कार्यविधि र दरखास्त फारम यस निर्देशनालयको वेभसाईट doad.p1.gov.np र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेभसाईट www.molmac.p1.gov.np बाट समेत डाउनलोड गर्न सकिने छ।

**प्रमुख**
कृषि विकास निर्देशनालय
प्रदेश नं. १, विराटनगर, नेपाल ।

केराबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
केराबारी, मोरङ
दर्ता नं: २८८
दर्ता मिति: २०७६।०१।२४